सुदूरपश्चिम प्रदेश सरकार

राजेन्द्र सिंह रावल
Rajendra Singh Rawal
मा. मुख्यमन्त्री
Hon'ble Chief Minister
धनगढी, कैलाली
नेपाल

सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, २०७४

## माघी पर्व/माघे संक्रान्ति २०७९ को शुभकामना सन्देश ।

नेपालको विभिन्न भौगोलिक क्षेत्र र जातजातिहरूको आ-आफ्नै मौलिक परम्परा, भाषा, कला र संस्कृति अनुसार चाडपर्व मनाउने प्रचलन बमोजिम हरेक वर्ष माघ १ गते माघीपर्व वा मकर संक्रान्ति वा माघे संक्रान्ति/गगनान पर्वको रूपमा धुमधाम मनाउदै आएको पाइन्छ ।

सुदूरपश्चिम प्रदेशका तराई जिल्ला (कैलाली र कन्चनपुर) हरूमा परापूर्वकालदेखि नयाँवर्षको उत्सवको रूपमा मनाइदै आएको माघीपर्व थारु समुदायको स्नान, दान र पकवान समेतबाट मनाइने प्रचलन छ। यस प्रदेशका अन्य पहाडी जिल्लाहरूमा माघे संक्रान्तिलाई स्नान, दानको साथसाथै चेली तिहारको रूपमा पनि मनाइने गरेको पाइन्छ। विभिन्न ठाउँ अनुसार आ-आफ्नै तरिकाले मान्यजनको आशिर्वाद लिने-दिने, छोरी चेलीलाई आमन्त्रणा गर्ने, सांस्कृतिक कार्यक्रमहरू मनाउने, उत्सव, मेला, महोत्सव, माघी मिलन समारोह आयोजना गरी माघी पर्व मनाइन्छ ।

विभिन्न समुदायले मनाउने यो विशेष चाडले नवनिर्वाचित वर्तमान सुदूरपश्चिम प्रदेश सरकारलाई प्रदेशको नागरिकको मुहारमा खुसी र जीवनमा समृद्धि ल्याउने दिशामा केन्द्रित भई कार्य गर्ने प्रेरणा मिल्नेछ भन्ने विश्वासका साथ सम्पूर्ण नेपाली नागरिक तथा देश विदेशमा रहनु भएका सुदूरपश्चिमेली दिदीबहिनी तथा दाजुभाइमा सुख, समृद्धि, सु-स्वास्थ्य एवम् पारस्पारिक सदभाव, मित्रता, भातृत्व, एकता, शान्ति र सामाजिक सहिष्णुताका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०७९ माघ १ गते आइतबार

राजेन्द्र सिंह रावल
मुख्यमन्त्री
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

राजेन्द्र सिंह रावल
मुख्यमन्त्री